# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः ९ मितिः २०८१।६।१०

## भाग-२

बनेपा नगरपालिका

# शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।५।२६

प्रमाणिकरण मितिः २०८१।६।४

# शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति:२०८१।०५।२६**

बनेपा नगरपालिकाभित्रका सामुदायिक माध्यमिक विद्यालयहरूमा माध्यमिक तहमा कुनैपनि दरबन्दी नभएका विद्यालयहरूमा संघीय शिक्षण सहयोग अनुदान प्राप्त नभएसम्मका लागि गणित, अंग्रेजी र विज्ञान विषय अध्यापन गर्ने शिक्षक अभावलाई पूरा गर्न तथा यस नगरपालिका भित्र सञ्चालन भएका सामुदायिक विद्यालयहरूमा संगीत तथा खेलकुद शिक्षकहरूको क्षमता विकास कार्यक्रम तथा प्रशिक्षण सञ्चालन गर्नको लागि प्रशिक्षक नियुक्ति गर्न बनेपा नगरपालिकाको आन्तरिक स्रोतबाट बजेट व्यवस्थापन गरी तत्काल शिक्षक अभाव पूरा गर्नको लागि अनुदान शिक्षक तथा प्रशिक्षक छनोट कार्यलाई व्यवस्थित गर्न बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि २०८१, ज़ारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यविधिको नाम "शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि २०८१" रहेको छ ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट तत्काल लागू हुनेछ ।

**२. परिभाषा:**

१) "सामुदायिक विद्यालय" भन्नाले बनेपा नगरपालिकाभित्र सरकारी अनुदान पाउने गरी सञ्चालित विद्यालय सम्झनु पर्दछ ।

२) "नगरपालिका" भन्नाले बनेपा नगरपालिका सम्झनु पर्दछ ।

३) "शिक्षक दरबन्दी" भन्नाले सामुदायिक विदयालयमा उपलब्ध गराइएका शिक्षंक दरबन्दी राहत अनुदान कोटा र शिक्षण सहयोग अनुदान कोटा सम्झनु पर्दछ ।

४) "नगर शिक्षा समिति" भन्नाले बनेपा नगरपालिकाको नगर शिक्षा



समिति सम्झनु पर्दछ ।

५) "शाखा" भन्नाले बनेपा नगरपालिका शिक्षा, युवा तथा खेलकूद शाखा सम्झनु पर्दछ ।

६) "कार्यपालिका" भन्नाले बनेपा नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

**३. नगर शिक्षण सहयोग अनुदान उपलब्ध गराउने आधारहरु:**

१) नगर शिक्षण अनुदानका लागि आधारहरू:

क) शिक्षक विद्यार्थी दरबन्दी अनुपात बढी भएको विद्यालय

ख) माध्यमिक तह कक्षा १० को अनुमति लिएको

ग) माध्यमिक तहको कुनै दरबन्दी नभएको

२) संगीत र खेलकूद प्रशिक्षकका लागि आधारहरू:

क) संगीत र खेलकूद प्रशिक्षकका लागि विद्यालयमा आवश्यक पूर्वाधार भएको

३) हरेक आर्थिक वर्षका लागि नगर सभाले नगर शिक्षण अनुदान शिक्षकका लागि छुट्याइएको बजेटका आधारमा नगर शिक्षा समितिले हरेक बर्षका लागि कोटा निर्धारण गर्नेछ ।

**४. योग्यता:**

नगर शिक्षण सहयोग अनुदान कोटामा शिक्षकमा उम्मेदवार हुन देहाय बमोजिम न्यूनतम योग्यता आवश्यक पर्ने छ ।

क) नेपाली नागरिक

ख) सम्वन्धित विषयमा कम्तिमा स्नातह तह उतीर्ण भएको

ग) २१ बर्ष पूरा भई ४० बर्ष ननाघेको

घ) शिक्षा ऐन, २०२८ शिक्षा नियमावली, २०५९ तथा शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुन योग्यता पूरा गरेको तर यस कार्यविधि अनुसार शिक्षण सहयोग अनुदान कोटामा शिक्षक तथा प्रशिक्षकको उम्मेदवार हुन अध्यापन अनुमति पत्र र तालिम अनिवार्य हुने छैन ।

५. **शिक्षण सहयोग अनुदानमा विषय:**

अनुदान कोटामा अंग्रजी, गणित, विज्ञान, संगीत र खेलकुद प्रशिक्षक मात्र नियुक्ती गर्न पाइनेछ ।

६. **कोटा निर्धारण तथा विज्ञापन:**

१) पदपूर्ती र विज्ञापन नगर शिक्षण सहयोग अनुदान वितरण गर्नका लागि नगर शिक्षा समितिले कोटा र विद्यालय छनोट गर्नेछ ।

२) शिक्षा युवा तथा खेलकूद शाखाले कम्तीमा ७ दिनको समय दिई विज्ञापन गर्नेछ । आवेदकले अनुसूची १ अनुसारको ढाँचामा आवेदन दिनुपर्नेछ ।

३) उम्मेदवारले निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू र आवेदकले निवेदनसाथ तपशिल बमोजिमका कागजातहरू संलग्न गर्नुपर्नेछ:

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

७. **नगर शिक्षण अनुदान छनोट समिति:**

यस कार्यविधि अनुसार शिक्षण सहयोग अनुदानमा शिक्षक तथा प्रशिक्षक छनोट गर्न तपशिल बमोजिमको समिति हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) शाखा प्रमुख शिक्षा युवा तथा खेलकुद शाखा - सदस्य

ग) छनौट गर्नुपर्ने विषयका संवन्धित विषय विज्ञहरूमध्ये समितिले छनौट गरेका २ जना विज्ञ - सदस्य

घ) शिक्षा युवा तथा खेलकुद शाखाका शाखा अधिकृत - सदस्य सचिव

८. **छनौट प्रकृया:**

यस कार्यवधि अनुसार शिक्षण सहयोग अनुदान कोटामा शिक्षक तथा प्रशिक्षक छनौटका लागि शिक्षक सेवा आयोगले तयार गरेको माध्यमिक तहको शिक्षकको पाठ्यक्रम नै प्रयोग हुनेछ । शिक्षक सेवा आयोगले पाठ्यक्रम नबनाइ सकेको प्रशिक्षकको हकमा छनौट समितिले आवश्यकता अनुसार पाठ्यक्रम बनाइ प्रयोग गर्न सक्नेछ ।



९. **शिक्षण सहयोग अनुदान कोटामा नियुक्ति हुने शिक्षकको नियुक्ति विदा तथा पारिश्रमिक संवन्धि व्यवस्था:**

१) छनौट समितिले सिफारिस गरेको एक हप्ताभित्र नगरपालिकाले अनुसूची २ अनुसारको ढाँचामा करार संभौता गर्नुपर्नेछ । सो अवधिमा करार संभौता गर्न नआएमा वैकल्पक उम्मेदवारसँग करार संभौता गरी कामकाज गराउन सकिनेछ ।

२) नियुक्ति लिएको ३ दिन भित्र नै संवन्धित विद्यालयमा हाजिर भई कामकाज गर्न शुरू गर्नुपर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ ।

३) शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रशिक्षकको पारिश्रमिक मासिक रू ३०,०००। (तीस हजार मात्र) र बार्षिक चाडपर्व खर्च बापत एक महिनाको तलब पाउनेछ ।

४) अनुदान कोटामा कार्यरत शिक्षक प्रशिक्षकले अन्य करार शिक्षकले पाए सरह विदा पाउनेछ ।

१०. **शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रशिक्षकको काम, कर्तव्य र अधिकार:**

१) प्रशासनिक रूपमा विद्यालय व्यवस्थापन समिति र विद्यालयका प्रधानाध्यापकप्रति उत्तरदायी हुने र शैक्षिक रूपमा विद्यालयका प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्नेछ ।

२) विद्यालयको शैक्षिक वातावरण सुधारमा सहयोग गर्नु

३) विद्यालयद्वारा तोकिएको विषय र कक्षा अध्यापन गर्नु गराउनु

४) विद्यार्थीलाई सम्मानजनक र भेदभावरहित व्यवहार प्रकट गर्न नहुने

५) कुनै पनि किसिमको राजनीतिक आस्था वा व्यवहार नगर्ने

६) राष्ट्रियता राष्ट्रिय एकता सामाजिक सद्भावमा प्रतिकूल प्रभाव पार्ने अभिव्यक्ति दिन र क्रियाकलाप गर्न नहुने

७) प्रचलित ऐन नियमले शिक्षकका लागि तोकेका आचार संहिता पालना गर्ने

११. शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकको अवधि एक

आर्थिक बर्षको लागि मात्र हुनेछ । अर्को आर्थिक वर्षको लागि सभाले बजेट नछुट्याएमा स्वतः अवकास हुनेछ र अवकाश भए वापत कुनै थप सुविधा दिइने छैन ।

१२. **उजुरीः**

१) नगर शिक्षण सहयोग अनुदान वितरण तथा नियुक्ति प्रकृयाका विषयमा चित्त नवुझेमा नगर प्रमुख समक्ष उजुरी दिन सकिने छ ।

२) उपदफा १ बमोजिमको उजुरीमा नगर शिक्षा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

१३. **यस कार्यवधि बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।



**अनुसूचि १**

**शिक्षण सहयोग अनुदान कोटामा शिक्षक तथा प्रशिक्षक हुनका लागि दिइने आवेदन फारम**

फोटो

श्री प्रमुख प्रशाकीय अधिकृत ज्यू ।
बनेपा नगरपालिका ।

**विषयः- शिक्षण सहयोग अनुदान कोटामा शिक्षकर प्रशिक्षक पदका लागि आवेदन**

यस नगरपालिकाको मिति.................... मा प्रकाशित सूचना अनुसार म शिक्षण सहयोग अनुदान कोटामा तपशिल अनुसारको पदमा प्रतिस्पर्धातमक परीक्षामा सहभागी हुन आवश्यक कागजातहरू समेत संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**विज्ञापन नं:** **विषयः** **पदः** **तहः**

१. निवेदकको नाम थर  २. बुवाको नामथर
३. आमाको नामथर  ४. स्थायी ठेगाना
५. सम्पर्क नम्वर
६. शैक्षिक योग्यता र तालिमको विवरणः

| क्र.सं. | शैक्षिक योग्यता | शैक्षिक संस्था | प्राप्तांक | मूल विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | तालिम | | | | |

निवेदकको दस्तखतः  मितिः

**नगरपालिकाले भर्ने**

दर्ता भएको प्रमाण नामः  वि.नंः  पदः
स्थायी ठेगानाः  संपर्क नं.ः

## अनुसूचि २

## करार संझौता फारम

काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका अन्तरगत ______________ को विद्यालयका लागि शिक्षण सहयोग अनुदान शिक्षकर प्रशिक्षक करार संझौता गरी काम गराउने सम्वन्धमा ____________________ यस पछि प्रथम पक्ष भनिनेछ । ____________ जिल्ला ______ वडा नं बस्ने श्री ____________________ को ________________ को छोरा छोरी ________________ लाई यसपछि दोश्रो पक्ष भनिने का विच २०८१।__________गते सम्पन्न करार सम्झौता ।

१) दोश्रो पक्षले प्रचलित शिक्षा ऐन र नियमावली तथा नगर शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि २०८१ अनुसार अनुदान शिक्षक प्रशिक्षकको रूपमा काम गरी आचारसंहिता पूर्ण पालना गर्ने ।

२) दोश्रो पक्षले विद्यालय प्रशासनले तोके बमोजिमको विषय र कक्षाहरूमा अध्यापन गर्नुपर्ने र आफूले अध्यापन गर्ने कक्षा र विषयको नतिजा तथा औषत सिकाइ उपलब्धिप्रति पूर्णरूपमा जवाफदेही रहने।

३) दोश्रो पक्षले विद्यालय सञ्चालन हुने समयमा अनिवार्य रूपमा उपस्थित रहने र आवश्यकता अनुसार थप समय पनि प्रधानाध्यापकको निर्देशन अनुसार काम गर्नुपर्ने ।

४) दोश्रो पक्षले विद्यालय सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रीय सहभागीता जनाउने ।

५) दोश्रो पक्षले विद्यालयको हितका लागि प्रधानाध्यापकको निर्देशनमा अन्य कार्यहरू गर्ने र विद्यालका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति प्रति जवाफदेही हुने ।

६) प्रथम पक्षले बनेपा नगरपालिका शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८१ तोकेको विदा र सेवा सुविधा उपलब्ध गराउने ।

७) शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि २०८१ अनुसार कार्यसम्पादन नभएको वा आचारसंहिता पालना पाइएमा प्रथम पक्षले आवश्यक सफाइको मौका दिई जुनसुकै वेला शिक्षक प्रशिक्षकबाट हटाउन सक्नेछ । दोश्रो पक्षले सेवाबाट अवकास लिन चाहेमा १५ दिन अघि सूचना दिई सेवाबाट अवकास लिन सक्नेछ ।

८) यो करार संझौता मिति __________ गतेबाट मिति ________ सम्म लागू हुनेछ ।

**आज्ञाले,**
**भोला प्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**